INNOVATIVE RESEARCH JOURNAL VOL:3, ISSUE:2, 12-DECEMBER, 2023

**https://doi.org/10.3126/irj.v3i2.61806**

# 'इन्साफ' उपन्यासमा प्रयुक्त सामाजिक तथा भाषिक सन्दर्भको विश्लेषण

**डा. राजेन्द्र खनाल**
*sauravabhirk@gmail.com*
**शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर**

**लेखसार**

*'इन्साफ' उपन्यासमा रहेका भाषिक, राजनैतिक तथा लैङ्गिक सन्दर्भको विश्लेषण गर्नु प्रस्तुत लेखको प्रमुख उद्देश्य हो । पुस्तकालयीय अध्ययन कार्यबाट तथ्य सङ्कलन गरी 'इन्साफ' उपन्यासलाई प्राथमिक स्रोत तथा सम्बद्ध सैद्धान्तिक पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको यस लेखमा वर्णनात्मक विधिको उपयोग गरिएको छ । विश्लेष्य उपन्यासमा प्राचीन समयदेखि पुरुषले स्त्रीमाथि शासन गर्दै आएका र प्रजातन्त्र प्राप्ति पछि तथा चेतनाको विकासका कारणले स्त्रीहरू सशक्त एवम् चेतनशील बनेको कुरा औंल्याइएको छ । त्यस्तै, पुरुषहरूमा पनि स्त्रीलाई सहयात्रीको रूपमा स्वीकार गर्ने, उनीहरूलाई समान हैसियत प्रदान गर्नुपर्ने, उनीहरूका विचारहरूलाई सम्मान तथा स्वीकार गर्नुपर्ने आवश्यकता रहेको जनाइएको छ । उपन्यासमा घर व्यवहार, आर्थिक उपार्जन, सामाजिक सहभागिता जस्ता पक्षमा स्त्रीलाई समान हैसियत तथा सम्मान आवश्यक रहेको कुरा प्रस्तुत गर्दै कानुन र अधिकार व्यवस्थामा स्त्रीलाई मात्र केन्द्रबिन्दु बनाउने र पुरुषलाई पूर्णतः उपेक्षा वा बेवास्ता गर्नुलाई पात्रका माध्यमबाट नकारात्मक कार्यका रूपमा चिनाइएको छ । लैङ्गिक हिसाबले घर, समाज तथा कानुनबाट सन्तुलित भूमिका उपलब्ध गराउँदा मात्र 'इन्साफ' हुने जनाइएको छ । त्यसैगरी उपन्यासमा २००७ साल कालीन राजनैतिक परिवर्तन, त्यो परिवर्तन पश्चात् उत्पन्न शासनसत्ता सञ्चालन परिपाटी, मन्त्री बन्ने र अर्थहीन समय व्यतित गर्ने तथा राष्ट्रको सम्पत्तिलाई समाप्त पार्ने कार्य अगाडि जस्तै निरन्तर चलिरहेको अवस्थाप्रति लक्षित गरेका छन् । सामाजिक सुधार र जनतामा प्रगति हुनुको साटो विभिन्न पार्टीका झन्डा बोकेर समय र श्रम खेर फाल्ने परिपाटी चलेको अवस्थाप्रति व्यङ्ग्य गरिएको छ । त्यस्तै, उपन्यासमा भाषिक विचलन तथा समानान्तरताका सार्थक प्रयोग गरिएको देखिन्छ । यथेष्ट उखान टुक्काको प्रयोगले कृति प्रभावकारी बनेको पाइन्छ । कृतिभित्रको भाषामा थप आकर्षण र प्रभाव थप्नका लागि यथेष्ट आर्थी विचलनको प्रयोग गरिएको पाइन्छ । त्यस्तै, बाह्य समानान्तरताको प्रयोगबाट कृति गेयात्मक र आकर्षक बनेको देखिन्छ । यसरी नेपाली समाजको वास्तविकता उद्घाटन गर्दै आकर्षक भाषाको उपयोग गरी कृतिलाई मर्मस्पर्शी र प्रभावकारी बनाउन उपन्यासकार सफल रहेको देखिन्छ ।*

**शब्दकुन्जी :** *लैङ्गिक सन्तुलन, भाषिक विचलन, समानान्तरता, राजनैतिक सन्दर्भ, सामाजिक परिवेश*

**Received: 5 october, 2023 Revision Accepted: 25 november, 2023 Published: 12 December, 2023**

## विषय प्रवेश

भीमनिधि तिवारी (वि.सं. १९६८-२०३०) सामाजिक यथार्थवादी प्रवृत्तिलाई प्रमुख आधार मानेर आदर्श, ऐतिहासिकता, राष्ट्रप्रेम, व्यङ्ग्य तथा परिवर्तनका विचारलाई साहित्यमार्फत् सार्वजनिक गर्ने स्रष्टा हुन् । आठ वर्षको उमेरमै कविता लेखन प्रारम्भ गरेका तिवारीको वि.सं. १९९१ जेठ २६ गते *गोरखापत्र*मा छापिएको

'कविता हराए' पहिलो प्रकाशित रचना हो । देशप्रेमी, मानवतावादी, प्रकृतिप्रेमी, नेपाली कला संस्कृतिप्रति जागरुक तथा सामाजिक र राजनीतिक पक्षहरूलाई नजिकबाट हेरेर आवश्यक चेतना प्रस्तुत गर्न तिवारीका रचनाहरू सफल छन् । गजलकार, भजनकार, कवि, प्रबन्धकार, कहानीकार, नाटककार, एकाङ्कीकार तथा उपन्यासकारका रूपमा तिवारीले आफ्नो साहित्यिक परिचय बनाएको देखिन्छ । २०२७ सालमा प्रकाशन गरिएको 'इन्साफ' उपन्यास तिवारीको एक मात्र उपन्यास हो । यो सामाजिक उपन्यासका रूपमा रहेको छ । समाजमा रहेका विविध परिवेश, राजनैतिक सन्दर्भ, समाजार्थिक अवस्था र वर्गीय सन्दर्भलाई उपन्यासकारले यस उपन्यासमा यथार्थ ढङ्गले प्रस्तुत गरेका छन् ।

कृतिलाई स्वाभाविक तथा सापेक्ष बनाउनका लागि सामाजिक सन्दर्भसँग सम्बद्ध विषयवस्तु उठान गरिन्छ । परम्परा, संस्कृति, लैङ्गिकता, वर्ग, धर्म, राजनीतिक आदि समाजसँग प्रत्यक्षतः सम्बन्धित सन्दर्भ हुन् । उक्त पक्षमध्ये यस लेखमा लैङ्गिकता तथा राजनीतिसँग सम्बन्धित विषयवस्तुको विश्लेषण गरिएको छ । प्रस्तुत लेखको मूल उद्देश्य *'इन्साफ'* उपन्यासमा प्रविष्ट लैङ्गिक, राजनीतिक र भाषिक पक्षको विश्लेषण गर्नु रहेको छ । उपन्यासमा उपयोग गरिएको भाषाका विविध आयाममध्ये विचलन, समानान्तरता तथा उखान टुक्का प्रयोगका प्रतिनिधि उदाहरण पहिचान गरी विश्लेषण गरिएको छ । प्रस्तुत लेख *'इन्साफ'* उपन्यासमा रहेका विविध सौन्दर्यमूलक तTवमध्ये लैङ्गिक पक्ष, राजनीतिक पक्ष र भाषिक पक्षको मात्र विश्लेषणमा केन्द्रित छ ।

## अध्ययन विधि र प्रक्रिया

गुणात्मक ढाँचामा आधारित यस लेखमा वर्णनात्मक विधिको उपयाग गरिएको छ । पुस्तकालयीय अध्ययन प्रक्रियाबाट सामग्री सङ्कलन गरी 'इन्साफ' उपन्यासलाई प्राथमिक सामग्री तथा सम्बन्धित सैद्धान्तिक ग्रन्थलाई द्वितीयक सामग्रीका रूपमा उपयोग गरी प्रस्तुत लेख तयार गरिएको छ । मूलतः लैङ्गिकता तथा भाषिक अध्ययनसँग सम्बद्ध सैद्धान्तिक ग्रन्थहरूको अध्ययन गरी लैङ्गिक पक्षसँग सम्बन्धित लैङ्गिक विभेद, समानता, सन्तुलनका सन्दर्भलाई तथ्यका रूपमा निरूपण गरी विश्लेषण गरिएको छ । त्यसैगरी समाजको महTवपूर्ण पक्ष राजनीतिक सन्दर्भ उपयोग भएका उदाहरण पहिचान गरी तथ्यपरक विश्लेषण गरिएको छ । त्यस्तै, लेखमा भाषिक पक्षअन्तर्गतको भाषिक समानान्तरता, भाषिक विचलन एवम् उखान टुक्का प्रयोगका सन्दर्भलाई टिपोट गरी तथ्यपरक विश्लेषण गरिएको छ ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखमा सामाजिक पक्षसँग सम्बद्ध लैङ्गिकताका सन्दर्भलाई विश्लेषण गर्नका लागि तत् क्षेत्रसँग सम्बन्धित मान्यता उपयोग गरिएको छ । त्यसैगरी राजनीतिक पक्षलाई सामाजिक न्याय, समानता तथा सेवासँग समन्वित गरी विश्लेषण गरिएको छ भने भाषिक पक्षको विश्लेषण भाषिक शैलीविज्ञानका सैद्धान्तिक ग्रन्थमा उल्लेख भएका मान्यतालाई आधार बनाइएको छ । समाजमा लिङ्गका आधारमा निर्धारण गरिएका भूमिका एवम् कार्यका सन्दर्भहरू लैङ्गिक पक्षसँग जोडी पात्रहरूका माध्यमबाट प्रकट गरिएको हुन्छ । कृतिका रहेका उक्त पक्षको अध्ययन गर्ने कार्य लैङ्गिक समालोचनाले गर्छ । लैङ्गिक समालोचनालाई लैङ्गिक अध्ययनको विशिष्ट क्षेत्रअन्तर्गत राखिएको छ (अब्राम्स र हार्फम, २००५, पृ. ११३) । लैङ्गिक अध्ययनले महिला र पुरुषमध्ये कुनै एक वा व्यक्तिगत तहमा रहेको भूमिकालाई मात्र नहेरी सामाजिक संस्थाहरू, वर्ग, सङ्गठन, पेसा, समुदाय आदिमा विद्यमान लैङ्गिक अभ्यासको अध्ययन गर्दछ । यसले सामाजिक, सांस्कृतिक परिवेशमा महिला वा पुरुष जो निम्न स्थानमा रहेको, दबिएको वा दबाइएको छ, उसलाई समानतातर्फ लम्कन मुखरित गर्दछ । सांस्कृतिक रूपमा नै लैङ्गिक विभेदको शृङ्खला विकसित भएको पाइन्छ (मिड एन्ड ह्याङ्क्स, २००४, पृ. ३३) । समाजमा लिङ्ग,

वर्ग तथा सामाजिक सांस्कृतिक रूपमा परम्परादेखि रहँदै आएको महिला र पुरुषबिचको विभेदले समतामा आधारित समाजको निर्माण हुन नसकेको तथा विकासमा महिलाहरू निकै पछि परेका तथ्यलाई महसुस गरी शैक्षिक तहमा समेत लैङ्गिक अध्ययनको प्रारम्भ भयो । नारी र पुरुषबिचका समाज निर्मित विविध क्षेत्र नै लैङ्गिक अध्ययनका केन्द्र हुन् । परम्परित सामाजिक अध्ययनले पुरुषलाई मात्र केन्द्रबिन्दु बनाएर अर्थात् पुरुषशासित सामाजिक व्यवस्थाहरूको मात्र अध्ययन गर्ने गरेको तथा नारीवादी समाजशास्त्रीहरूको उदय र सक्रियता पश्चात् नारीकेन्द्री अध्ययन, नारीकेन्द्री आन्दोलन तथा विचारहरूको प्रारम्भ भएको ( पिल्चर र ह्वेलहेन, २००४, पृ. IX) विचार पेस गर्दै लैङ्गिक अध्ययन पुरुष तथा नारीको सन्तुलित अध्ययन भए पनि नारीतर्फ बढी झुकाव राख्ने प्रकृतिको रहेको धारणा व्यक्त गरिएको पाइन्छ । लैङ्गिक दृष्टिले साहित्यको विश्लेषण गर्ने कार्यलाई लैङ्गिक समालोचना भनिन्छ । लैङ्गिक समालोचनाका सन्दर्भमा अब्राम्स र हार्फम (सन् २००५) भन्छन् : लैङ्गिक भूमिकासँग सम्बन्धित लेखाइ, प्रस्तुति, विषयवस्तु तथा सम्पूर्ण साहित्यिक कार्यको विश्लेषण तथा मूल्याङ्कन गर्नु नै लैङ्गिक समालोचना हो । लैङ्गिक समालोचनाले कृतिमा रहेका विचार, विषयवस्तु, चरित्र, परिवेश र भाषा आदि पक्षको लैङ्गिक दृष्टिले विश्लेषण गर्छ ।

राजनीतिक व्यवस्थाले समाजको स्वरूप निर्धारण गर्छ । समाजमा वर्ग, संस्कृति, धर्म आदि पक्ष राजनीतिक संरचनाबाट परिपोषित हुन्छन् । कुनै पनि आख्यान समाजको प्रतिबिम्ब नै मानिन्छ । सामाजिक उपन्यासमा समाजका वास्तविक चित्र उठान गरिएको हुन्छ । उपन्यासमा राजनीतक पक्ष पनि समाजको प्रतिबिम्बनकै सन्दर्भमा समावेश गरिन्छ । राजनीतिक परिवर्तनको चाहना पनि रचनमार्फत गरिन्छ भने राजनीतिक क्षेत्रका सीमा तथा विकृति पनि साहित्यकारले अभिधा या व्यञ्जनात्मक ढाँचामा प्रस्तुत गरेका हुन्छन् ।

भाषिक पक्षअन्तर्गत अग्रभूमिनिर्माणलाई प्राधान्य दिइन्छ । कृतिलाई भाषाका माध्यमबाट विशिष्ट तुल्याउनु अग्रभूमिनिर्माण हो । यसअन्तर्गत समानान्तरता र विचलन विशिष्ट उपकरणका रूपमा मानिन्छन् । शैलीले ढाँचा वा तरिकालाई जनाउँछ । साहित्य वा रचनामा स्रष्टाले पाठक वा साहित्यिक उपभोक्ताको ध्यान आकर्षित गर्न तथा प्रस्तुतिलाई विशेष एवम् प्रभावकारी बनाउनका लागि कृतिमा विशेष शैली उपयोग गरेका हुन्छन् । त्यस्तो विशेष शैलीको विश्लेषण गर्ने काम शैलीविज्ञानले गर्छ । संस्कृतमा अलङ्कार, रीति, वक्रोक्ति, तथा ध्वनि आदि सिद्धान्त शैलीविज्ञानसित केही न केही मिल्न आउने सिद्धान्तहरू हुन् (गौतम, २०५९, पृ २८४) । सामान्य भाषाको व्याकरण भएजस्तै आख्यानको भाषाको पनि आफ्नो व्याकरण हुन्छ जसमा व्याकरणिक कोटिहरू सामान्य भाषाकै सदृशतामा काम गर्न बाध्य हुँदैनन् (नेपाल, २००५, पृ. १३७) । शैलीविज्ञान पाठमा प्रस्तुत औपचारिक तथा मानक ढाँचाको विश्लेषणमा केन्द्रित नभई पाठमा प्रस्तुत प्रकार्यात्मक सान्दर्भिकताका लागि उपयोग गरिने भाषिक चातुर्यको विश्लेषणमा केन्द्रित हुन्छ (वेल्स, २००१, पृ. ३७३) । प्रस्तुतिको शैली व्यक्तिको विचार, भावना तथा क्षमतामा आधारित हुन्छ । जुन लेखकको व्यक्तित्व जस्तो हुन्छ, त्यसको शैली पनि उस्तै हुन्छ (बराल, २०५६, पृ. ७२) । स्रष्टाका पदपद र वाक्यवाक्य उसको हृदय या मस्तिष्कको छाप बन्न जान्छ (श्रेष्ठ, २०७८, पृ. १२४) । शैलीवज्ञानले भाषाविज्ञानको भाषाशास्त्रीय अनुप्रयोगको एकोहोरो दबदबालाई क्रमशः कम गरी प्रतीकविज्ञान र अर्थविज्ञानका साथै कलाशास्त्र र साहित्यशास्त्र एवम् नवविधाचिन्तनका साहित्य शैलीविज्ञानसँग अधिकाधिक सहअस्तित्व कायम गरी आफै स्वायत्त वैज्ञानिक समालोचना पद्धति बन्न पुगिरहेको दाबी गरिरहेको कुरा उल्लेख्य छ भने अर्कातर्फ संरचनावादले चाहिँ संरचनावादी भाषाविज्ञानका सामान्य धरातलमा टेकेर पनि साहित्यिक विधातत्वका नवधर्मका उद्घाटनतर्फ पनि गहिरो चासो देखाई कृतिका भाषिक र विधागत सहसंरचनाको उत्खनन र नवसन्धानतर्फ नितान्त नौलो सैद्धान्तिक सचेतना देखाइरहेको पाइन्छ (त्रिपाठी, २०५८,

पृ. ५१५) । शैलीविज्ञानले भाषाको कलात्मक प्रकार्यका बारेमा विश्लेषण गर्छ (लिच र सर्ट, १९९५, पृ. १३) । कुनै पनि भाषामा एउटा भावविशेषलाई अभिव्यक्ति दिनका लागि विभिन्न भाषिक सम्भावना र विकल्पहरू हुन्छन्, त्यस्ता विकल्पको प्रयोग सामान्य प्रयोक्ताले भन्दा साहित्यकारले अधिक चमत्कारपूर्ण र सार्थक रूपमा गरेर आफ्नो साहित्यिक शैलीको निर्माण गर्दछ (नेपाल, २००९, पृ. १४५) । यसर्थ शैलीविज्ञान सबै प्रकृतिका रचनामा स्रष्टाले उपयोग गरेको भाषाको विशिष्ट ढाँचा तथा शैलीको विश्लेषणमा केन्द्रित हुन्छ । यहाँ उपन्यासकारले उपन्यासमा उठान गरेका लैङ्गिक, राजनीतिक तथा भाषिक पक्षलाई उदाहरणसहित विश्लेषण गरिएको छ ।

### *इन्साफ*मा उपन्यासको विश्लेषण

यस लेखमा *'इन्साफ'* उपन्यासमा रहेका विविध सौन्दर्यमूलक तत्वमध्ये लैङ्गिक, राजनीतिक तथा भाषिक तीन पक्षको मात्र चर्चा गरिएको छ ।

### उपन्यासमा प्रयुक्त लैङ्गिकताको सन्दर्भ

लैङ्गिकता भनेको समाज तथा संस्कृतिबाट निर्मित स्त्री र पुरुषको भूमिका एवम् अवस्था हो । विश्वका अधिकांश समाज पुरुष नियन्त्रित छन् र स्त्रीका भूमिका स्वभावैले गौण मानिन्छन् । अधिकांश परिवेशहरू लैङ्गिक विभेदले ग्रसित छन् । दोस्रो विश्वयुद्धपछि विकसित भएको विश्वव्यापीकरण तथा समानताको जागरणले स्त्रीपुरुष बिचका रिक्तताहरू कम गरिरहेको देखिन्छ । उग्र नारीवादी आन्दोलनहरूले भने 'पुरुष निषेध अभियान' पनि सञ्चालन गरिरहेको जानकारी पाइन्छ । जैवीय तथा मनोयौनिक प्रकृति र आकाङ्क्षाहरूले पार्ने प्रभाव एकातर्फ छँदै छ भने अर्कोतर्फ पुरुष विरोधी नारीवादी धारहरू पनि सलबलाइरहेका छन् । लैङ्गिक पठन र लैङ्गिक समालोचनाले यस्ता एकपक्षीय धारहरूको पक्षपोषण नगरी 'जेन्डर लेन्स' को उपयोगबाट लैङ्गिक दुरी पहिचान गरी सन्तुलनको अपेक्षा गर्दछ । यद्यपि समाज विकासको लामो अवधिमा स्त्रीहरू उपेक्षित तथा विभेदमा रहेकाले यिनीहरूको समस्या अनि वास्तविकताको खोजी गर्न र सशक्त तुल्याउन बढी झुकाव राखेको पाइन्छ । लैङ्गिक विभेदमा चार तह देखिन्छ : (१) पारिवारिक, (२) सामाजिक, (३) राष्ट्रिय, र (४) अन्तर्राष्ट्रिय । कतिपय समाज तथा संस्कृतिमा पुरुष हिंसा र विभेद पनि पाइन्छ तर त्यसको मात्रा न्यून रहेकाले पछिल्लो समयमा विश्वका धेरै मुलुकहरूका कानुनी व्यवस्था अनुसारको अधिकार स्त्रीकेन्द्रित भएको पाइन्छ ।

उपन्यासकारले आफ्नो सुधारवादी विचार, प्रगतिशील धारणा तथा सामाजिक परिवर्तनका अपेक्षाहरूलाई अङ्गीकार गर्दै प्रस्तुत उपन्यासमा स्त्रीलाई सशक्त र हकदार मान्नु पर्ने धारणा प्रस्तुत गरेका छन् । स्त्रीलाई पुरुषले प्राचीन समयदेखि उपेक्षा गर्दै आएको तथा स्त्रीमा भएका विचारलाई कुनै स्थान दिनुनपर्ने परम्पराको जानकारी यसरी प्रस्तुत भएको छ :

> 'स्वास्नीसित केको सल्लाह ? आफ्नै आँटले काम गरिन्छ ।' हजारौं वर्षदेखि पुरुषवर्गले नारीजातिलाई हेय दृष्टिले हेरिआएको भावना उसमा जाग्रत् भयो । 'यो स्वास्नीसित व्यर्थ केको सल्लाह ?' (पृ. ३)

उपर्युक्त उदाहरणमा *इन्साफ*को मुख्य चरित्र वीरेले आफ्नो घरायसी समस्याका सवालमा आफ्नी श्रीमती सेतीसँग सल्लाह लिने नलिने बारे उसका मनमा उठेका विचार प्रस्तुत गरिएको छ । वीरेले आत्मसमीक्षा गर्दै पुनः सेतीसँग सल्लाह लिने अभिप्रायले आफ्ना समस्या लगायत विविध उपाय सेतीसमक्ष राख्छ । तिवारी लेख्छन् : 'लोग्नेले ऊसित जवाफ मागेको थियो' (पृ. ७) । आर्थिक सक्षमताले स्त्री पनि पुरुषभन्दा पूर्ण हुन सक्छन् भन्दै भनिएको छ : 'बासको सृजनामा श्रीमतीले ठुलो सहायता गरिन्' (पृ. ११) । नारी सशक्त बनेर समर्थ रहे भने सामाजिक भेद अन्त्य हुन्छ । स्त्री र पुरुष समान भूमिका योग्य बन्न स्त्री

पुरुष सचेत हुनु अपरिहार्य छ । स्त्री अक्षम र पुरुष सक्षम वा पुरुष अक्षम र स्त्री सक्षम बने भने हेपिनु पर्छ । त्यसैले स्त्री र पुरुष सबै पक्षबाट सक्षम र योग्य बनेपछि मात्र लैङ्गिक सन्तुलन कायम गर्न सकिन्छ भन्ने विचार तिवारीले राखेका छन् । मनोरञ्जनमा पनि स्त्री पुरुष कोही पनि उपेक्षित हुनु नपर्ने धारणा राख्दै तिवारी लेख्छन् : 'मैयाँनानी– लोग्ने मान्छेसित बसेर स्वास्नीमान्छेले खेल्नुहुँदैन भन्ने कुरा त मैले आज सुनें' (पृ. ६३) ।

स्त्री र पुरुषको सहकार्यबाट मात्र सामाजिक तथा पारिवारिक समृद्धि प्राप्त गर्न सकिन्छ अनि जीवन सफल बन्न सक्छ भन्ने विचार तिवारी यसरी राख्छन् :

> वास्तवमा नारी पुरुषका एक पयर हुन्– समान रूपले अघि बढ्न सक्ने, एक हात हुन्- बराबर कार्य गर्न सक्ने, एक काँध हुन् उत्तिकै वचन बहन गर्न सक्थे । भरजीवनका साथी-सुखमा, दुःखमा अनि सुख र दुःखको सन्धिमा पनि (पृ. १११) ।

लैङ्गिक समानता र स्वतन्त्रताका लागि राजनैतिक स्वतन्त्रता तथा प्रजातन्त्रको महत्त्वपूर्ण भूमिका हुने कुरा तिवारीले व्यक्त गरेका छन् । प्रजातन्त्र आए पछि नेपालमा पनि लैङ्गिक स्वतन्त्रता र सम्मानले स्थान पाएको कुरालाई उनले प्रस्तुत गरेका छन् : 'महन्तकाजीले यस्तो प्रकार पत्नीको रायलाई लिए, स्त्रीत्वको उचित आदर गरे, प्रजातन्त्रलाई चिने' (पृ.१२०) ।

लैङ्गिक स्वतन्त्रता कायम गर्नु भनेको स्त्री र पुरुषलाई समान अधिकार तथा स्वतन्त्रता कायम गर्नु हो । स्त्रीले पुरुषलाई उपेक्षा गर्नु वा हेय ठान्नु पनि लैङ्गिक विभेद नै हो । परिवर्तित समाजमा लैङ्गिक सन्तुलन कायम गर्नु छ भने एक पक्षीय कानुन तथा संरक्षण गर्नुहुँदैन भन्ने आशय सहित तिवारीले शैलराजको माध्यमबाट लैङ्गिक सन्तुलनको अपेक्षा गरेको देखिन्छ :

> "आज म भोको छु, नाङ्गो छु, त्यो धनी छ, सुखी छ, के त्यल्ले मलाई खानलाउन दिनु पर्दैन ? म लोग्ने, त्यो स्वास्नी, हक उस्तै बराबर होइन ? प्रजातन्त्रमा लोग्ने स्वास्नीको समान अधिकार हुन्छ भन्थे, खोइ त ? म यहाँ एक मुठी पीठो खान पाउँदिन, ऊ उहाँ मीठोमीठो चीज अघाएर फ्याँक्छे । यही हो त न्याय ? यही हो त इन्साफ?" (पृ. १७९) । प्रजातन्त्रमा लोग्ने र स्वास्नीको समान अधिकार हुन्छ भनेको यही हो त ? लोग्नेले सारा सर्वस्वमा स्वास्नीको बराबर हक हुने, स्वास्नीकोमा चाहिँ नहुने (पृ. १८२) ?

कानुनले स्त्री र पुरुष दुबैलाई समान दर्जा र न्याय गर्न सक्नु पर्छ । कोही कसैबाट विभेदित हुनुहुँदैन । अन्यायमा पर्नु हुँदैन तब समान न्याय पाइन्छ । सबैले 'इन्साफ'पाउनु पर्दछ तर कानुन स्त्री पक्षीय छ भन्ने आशय पनि तिवारीले व्यक्त गरेका छन् :

> तपाईंकी श्रीमतीले अन्याय गरेकी नै हुन्, तर व्यवहारमा आजसम्म यस्तो मुद्दा पर्न नआएकोले जितहार गराउन अलि असजिलो पऱ्यो र डिसमिस भएको हो (पृ. २२४ - २२५) ।

विश्लेष्य उपन्यासमा उपन्यासकार तिवारीले प्राचीन समयदेखि पुरुषले स्त्रीमाथि शासन गर्दै आएका र प्रजातन्त्र प्राप्ति पछि तथा चेतनाको विकासका कारणले स्त्रीहरू सशक्त एवम् चेतनशील बनेको कुरा औल्याएका छन् । त्यस्तै पुरुषहरूमा पनि स्त्रीलाई सहयात्रीको रूपमा स्वीकार गर्ने, उनीहरूलाई समान हैसियत प्रदान गर्नु पर्ने, उनीहरूका विचारहरूलाई सम्मान तथा स्वीकार गर्नुपर्ने आवश्यकता दर्साएका छन् । घर व्यवहार, आर्थिक उपार्जन, सामाजिक सहभागिता जस्ता पक्षमा स्त्रीलाई समान हैसियत तथा सम्मान आवश्यक रहेको कुरा प्रस्तुत गर्दै कानुन र अधिकार व्यवस्थामा स्त्रीलाई मात्र केन्द्रबिन्दु बनाउने र पुरुषलाई पूर्णतः उपेक्षा वा बेवास्ता गर्नु पनि नकारात्मक प्रवृत्ति हो भन्ने विचार प्रकट गरेका छन् । चाहे स्त्री होस् वा पुरुष दुबैलाई लैङ्गिक हिसाबले घर समाज तथा कानुनबाट सन्तुलित भूमिका उपलब्ध गराउँदा

मात्र सही 'इन्साफ'हुने कुरा व्यक्त गर्दै लैङ्गिक सन्तुलन कायम गर्नुपर्ने चेतना र विचार यस उपन्यास मार्फत् प्रस्तुत गरिएको छ ।

**उपन्यासमा प्रयुक्त राजनीतिक सन्दर्भ**

राजनीति भन्नाले राज्य वा शासन सञ्चालन प्रक्रियाको नीति हो । समाज गतिशील परिवर्तनको उपज हो । शासन तथा राज्य सत्ता सञ्चालनका सन्दर्भमा विश्वमा विभिन्न समयमा विविध किसिमका आन्दोलन र क्रान्तिहरू भएका छन् । समाज विकासका क्रममा राजनीतिको अहम् भूमिका रहन्छ । विश्व आदिम साम्यवाद, दास युग, सामन्तवादी युग हुँदै अहिले पुँजीवादी समाजमा विकसित भइरहेको छ । यद्यपि यो नै अन्तिम होइन किनकि विविध विचार, दर्शन तथा मान्यताहरूले समाजवाद र साम्यवादका लक्ष्यहरू बोकिरहेका छन् । सामाजिक परिवर्तन हुने क्रममा स्वतन्त्रता र प्रजातन्त्रका नमुनाहरू पनि विश्वव्यापी भइरहेका छन् । नेपालको इतिहास पनि विश्वव्यापी ढर्राबाट गुज्रिरहेको स्थितिमा राणा शासनको जर्जरताबाट मुक्त भएको अवस्थामा पनि नेपाली राजनीतिज्ञको अल्पविश्लेषण, पदलोलुपता, कृत्रिम र आडम्बरी भाषण, क्षयोन्मुख मानवता र सामाजिक संस्कार, नकारात्मक दलीय प्रतिस्पर्धा आदिले अहिलेसम्म पनि सम्पन्न सामाजिक परिवेश निर्माण हुन सकेको छैन ।

उपन्यासकार भीमनिधि तिवारीले २००७ सालको प्रजातन्त्र र त्यसले उत्पन्न गरेको राजनीतिक अवस्थाप्रति लक्षित गर्दै साधारण जनताले प्रजातन्त्र प्राप्ति पछि पनि सामाजिक, राजनैतिक तथा अवसरहरूमा इन्साफ प्राप्त गर्न नसकेको स्थिति औंल्याउँदै तत्कालीन अवस्थाप्रति व्यङ्ग्य प्रहार गरेका छन् । नेताहरूको व्यक्तिगत स्वार्थबाट जनताहरू पीडित बनेका थिए । उनीहरूले जनताको मन जित्न सकेका थिएनन् । योग्यताको कदर थिएन, पठनपाठनमा दक्ष व्यक्तिहरू सरकारी सेवाबाट विमुख थिए भन्दै तिवारीले व्यङ्ग्य गरेका छन् । नकारात्मक र अनुत्पादक प्रतिस्पर्धामा आफ्नो अस्तित्व बिर्सेर भ्रामक नेताको पछि लाग्ने प्रवृत्तिलाई तिवारीले उछितो गरेका छन् । प्रजातन्त्रपछि पनि नेपाल निकै रुग्ण र जर्जर बनेको यथार्थलाई तिवारीले प्रस्तुत गरेका छन् । मन्त्री पद र त्यसको सदुपयोग नातावादमा सीमित भएको कुरा औंल्याउँदै भन्छन् : 'मन्त्री पद झिकिँदा उनका साला र भिना सहानुभूति प्रकट गर्न घरमा आउँछन्' (पृ. ३०) ।

सत्ता बाँडफाँड र भागबन्डाको अनावश्यक मन्त्री र राष्ट्रको ढुकुटी सक्ने बेकारको कार्य गर्ने तर जनताका पक्षमा वास्ता नगर्ने कुरालाई आक्रोश व्यक्त गर्दै तिवारी लेख्छन् : 'दुबै जना विनाविभागका मन्त्रीजस्ता चैनको झन्डा फहराएर मुफ्तमा खाएर, व्यर्थमा सम्मान पाएर बसिरहेका थिए' (पृ. ४२) । राष्ट्रको ढुकुटी रित्याउन मन्त्री र नेताहरू उद्दत रहेका तथा सार्वजनिक सम्पत्ति आफ्नो निजी सम्पत्तिमा परिणत गर्न प्रतिस्पर्धा गरिरहेका शासकहरूप्रति लक्षित गर्दै उपन्यासकारले व्यङ्ग्य गरेका छन् : 'राष्ट्रको सम्पत्तिलाई व्यक्तिको पेवा पारेर वर्षैपिच्छे एकएक करोड भिTयाउलान्' (पृ. ४४) ।

राजनीतिक पार्टीका नेताहरूको फोस्रो भाषण र लोभ तथा रित्ता आश्वासनमा सिधासाधा जनता आफ्नो मुक्ति तथा परिवर्तनमा मोहित बनेर पिछलग्गु बन्न बाध्य बनेको कुरालाई तिवारीले प्रस्ट पारेका छन् । पार्टीका झन्डा बोकेर हिँड्ने र आफ्नो समय तथा श्रमलाई खेर फाल्ने नेपालीहरूप्रति रोष प्रकट गर्दै भन्छन् : 'राजनैतिक पार्टीका सिद्धान्तहीन कार्यकर्ताजस्ता' (पृ. ७७) । वा, 'बुधे प्रजातन्त्रको खालिफा नेताजस्तो भयो– झन्डा बोक्ने र नारा लगाउने काम अर्काको, मन्त्री पद समाल्ने काम मात्र आफ्नो' (पृ. ८६) । राजनीतिक सफलता र अर्थपूर्ण सामाजिक परिवर्तनका लागि शिक्षा तथा सचेतनाको आवश्यकता पर्छ, तब मानिस सचेत हुन्छ तब उसले नेताका रित्ता आश्वासन तथा भ्रमहरू छुट्याउन सक्छ विश्लेषण गर्न सक्छ भन्ने विचार राखेका छन् । उनले राजनीतिकर्मीले पनि जनतालाई सामाजिक चेतना जागृत नगराएसम्म आफ्नो राजनीतिक लक्ष्यमा पुग्न नसकिने भएकाले त्यसतर्फ चासो दिन आग्रह गर्दै भन्छन् :

'जहाँसम्म सामाजिक चेतना जागरित हुँदैन त्यहाँसम्म कुनै पनि राजनैतिक उद्देश्य सफलीभूत हुन सक्दैन' (पृ. ९७) । राजनीतिक पार्टीका नेताहरू आफ्ना कार्यकर्तालाई एकापसमा झगडा गराउँछन् मारकाट गराउँछन् । कार्यकर्ताहरू वास्तविकता नै नबुझी एकापसमा अनावश्यक बखेडा झिकेर झगडा गरिरहन्छन् जसको कहीं कुनै तुक तथा अभीष्ट हुँदैन अर्थहीन किचलो गर्छन् । अरूलाई दिक्दार तुल्याउँछन् भन्दै तिवारीले सारौँका बथानसँग तुलना गर्छन् : 'त्यहीँ पीपलको रूखमा एक बथान सारौँ बाझिरहेका थिए राजनैतिक पार्टीका अरौटे भरौटेझैँ' (पृ. १७७) ।

संसद चलिरहेको बेला प्रतिपक्षले अनावश्यक विषयमा अर्थहीन ढङ्गले नाराबाजी गर्दै समय बर्बाद गर्छन् भन्ने आशय व्यक्त गर्न सादृश्यको प्रयोग गरेका छन् तिवारीले : 'विरोधी पक्षका केही व्यक्तिले बेकार नारा लगाएझैँ छिनछिनमा भुल्काहरू चिराँठिएर शान्तिलाई भङ्ग गर्न खोज्थे' (पृ. २४७) ।

यसरी उपन्यासकार भीमनिधि तिवारीले *'इन्साफ'* उपन्यासमा २००७ साल कालीन राजनैतिक परिवर्तन, त्यो परिवर्तन पश्चात् उत्पन्न शासनसत्ता सञ्चालन परिपाटी, मन्त्री बन्ने र अर्थहीन समय व्यतित गर्ने तथा राष्ट्रको सम्पत्तिलाई समाप्त पार्ने कार्य अगाडि जस्तै निरन्तर चलिरहेको अवस्थाप्रति लक्षित गरेका छन् । सामाजिक सुधार र जनतामा प्रगति हुनुको साटो विभिन्न पार्टीका झन्डा बोकेर समय र श्रम खेर फाल्ने परिपाटी चलेको अवस्थाप्रति व्यङ्ग्य गरेका छन् । सीधा जनताहरू सत्ताका भऱ्याङ मात्र बनेको यथार्थता औंल्याएका छन् । यसरी तिवारीले उपन्यास मार्फत् राजनीतिक व्यङ्ग्य र चेतना प्रस्तुत गरी उपन्यासको विषयवस्तु सघन बनाउने प्रयत्न गरेका छन् ।

**उपन्यासमा प्रयुक्त भाषिक सन्दर्भ**

रचनालाई सर्वसंवेद्य बनाउन भाषाको प्रमुख भूमिका हुन्छ । भाषाबिना कुनै रचना सम्भव छैन । उपन्यासकार तिवारीले इन्साफलाई प्रभावोत्पादक बनाउन भाषिक सौन्दर्यको सदुपयोग गरेका छन् । कवितात्मक प्रस्तुति र नाटकीय संरचनामा उनेर उपन्यासलाई आल्हादक बनाएका छन् । अलङ्कार र प्रतीकको प्रचुर प्रयोग गरिएको प्रस्तुत उपन्यासमा उखानटुक्काको यथेष्ट उपयोग गरिएको देखिन्छ । पात्रानुकूल भाषामा केही सीमा रहे पनि अग्रभूमि निर्माणका हिसाबले कृति सौन्दर्यपूर्ण रहेको छ । आवश्यक तथा उपयुक्त वाक्य गठन र भावानुकूलित चिन्ह प्रयोगले प्रस्तुति मिठासपूर्ण रहेको छ । कतिपय आगन्तुक शब्दको स्वाभाविक सदुपयोग गरिएको भए तापनि अधिकांश मौलिक शब्दको प्रयोगबाट 'इन्साफ'सजिएको छ । व्याकरणिक दृष्टिले क्रियाबिहीन, कर्ताबिहीन तथा पदक्रम नमिलेका वा विचलनयुक्त वाक्य अनि उपवाक्यको संरचना स्वाभाविक अर्थपूर्ण देखिन्छन् । शाब्दिक विचलन वा कथ्य रूपको प्रयोगबाट कृति पठनमा सहजता मिल्दछ ।

किन मनाँ कुरो खेलाइनु (पृ. ३) ?

नभन्नु थ्यो त किन कुरो चुहाको (पृ. ४) ?

के खा'र बाँच्ने (पृ. ६) ?

माथि रेखाङ्कित शब्दहरूमा कोशीय विचलन रहेको छ । यस्तो प्रयोगले भाषा स्वाभाविक र आकर्षक बनेको देखिन्छ । उपन्यासकार तिवारीले उपन्यासलाई सशक्त बनाउन यथेष्ट उखान टुक्काको प्रयोग गरेका छन् । जस्तै :

अच्छयूँ खाएँ, बच्छयूँ खाएँ, झुसे बारुलो (पृ. ६२) ।

गुनको मूल्य सुनको भन्दा ठुलो हुन्छ (पृ. ७५) ।

लिखाको बोसो झिक्न आएका हुन् (पृ. १४५) ।

मैयाँ नानीका पेटका किरा पनि मार्दै गए (पृ. २५४) ।

लोग्ने स्वास्नीको झगडा परालको आगो (पृ. २२५) ।

उपर्युक्त उदाहरण उपन्यासमा प्रयुक्त उखान टुक्काका केही प्रतिनिधि मात्र हुन् । पहिलो उदाहरणमा कठिन कार्य गरिसकेको व्यक्तिलाई सरल कार्य सामान्य लाग्ने भाव व्यक्त भएको छ । त्यसैगरी दोस्रो उदाहरणले भावनात्मक सहयोग एवम् मानवीय स्वभाव भौतिक सम्पत्तिको दाँजोमा मूल्यवान् हुने जनाइएको छ ।  तेस्रो उदाहरणमा हुँद नभएको कुरा या असम्भव कुराको प्राप्तिमा केन्द्रित हुने प्रवृत्तिप्रति व्यङ्ग्य गरिएको छ भने चौथो उदाहरणमा आक्रोशको न्यूनीकरण हुँदै गएको सङ्केत गरिएको छ । माथिको पाँचौँ उदाहरणले पतिपत्नीको बिचमा हुने झगडालाई परालको आगोसँग तुलना गर्दै सामान्यीकरण गरिएको छ ।

उपन्यासकार तिवारीले उपन्यासको भाषालाई आकर्षण र प्रभावकारी बनाउनका लागि यथेष्ट आर्थी विचलनको प्रयोग गरेका छन् । अभिधार्थमा यस्तो प्रयोग अस्वाभाविक लागे पनि विचार तथा भाव प्रकटनमा उपन्यासको सौन्दर्य बढाउन आर्थी विचलनको अधिक उपयोग हुने गर्दछ । विचलनको माध्यमबाट *'इन्साफ'*आकर्षक र प्रभावकारी बनेको देखिन्छ । जस्तै :

आशाले आँखा चिम्लिसकेको थियो (पृ. ४४) ।

मनमा कुरा खेलेपछि पनि निद्रा लाग्दैन (पृ. ८१) ।

उसैको आत्मालाई ओझेलमा पार्‍यो (पृ. १०८) ।

वीरेको छाती फुल्यो, उसको दिलमा आँधी चल्न थाल्यो (पृ. १२७) ।

भोको पेट ढोकाबाहिर निस्कियो (पृ. १८३) ।

उक्त वचन मैयाँनानीको दिलमा चस्स बिझेको थियो (पृ. २५४) ।

अर्को चुरोट सल्काएर तर्कनाको भुमरीमा घुमिरहेकी थिइन् (पृ. २५७) ।

समानान्तरता भन्नाले भाषाको संरचना पक्ष वा भाव पक्ष दोहोरिएर अथवा तुलनेय भएर आउने स्थिति हो । उपन्यासकारले *इन्साफ*मा बाह्य समानान्तरता (वर्ण, रूप, शब्द दोहोरिएर आउने स्थिति) र आन्तरिक समानान्तरताको सफल प्रयोग गरेका छन् । यस्तो प्रयोगले कवितात्मक प्रस्तुति र आलङ्कारिक सौन्दर्य थपेर रचनालाई प्रभावकारी बनाएको देखिन्छ । प्रस्तुत रचनामा रहेका बाह्य समानान्तरताका उदाहरणलाई यसरी देखाउन सकिन्छ :

मानिस यन्त्र होइन यद्यपि उसभित्र ठुला, साना, सूक्ष्म, सूक्ष्मातिसूक्ष्म अनेक कल पुर्जा छन् (पृ. ३४) ।

हरेक लोग्नेले स्वास्नीलाई विद्याले जित्नु पर्छ, बुद्धिले जित्नुपर्छ (पृ. ४५) ।

छिनछिनमा कनकचम्पाको बास्ना हरररर आएको छ र हावा सररर चलिरहेको थियो (पृ. २४४) ।

त्यस्तै, तिवारीले भावको तहमा समानान्तर अर्थ प्रस्तुत गर्दै उपन्यासलाई सफल र प्रभावकारी बनाएका छन् । यस्तो समानान्तरमा अर्थालङ्कारका पक्षहरू पनि समावेश भएका हुन्छन्, जस्तै :

उसले बाबुलाई छोडेको थिएन-मानिसलाई तृष्णाले नछोडेझैँ (पृ. ५४) ।

वीरेले उनको चेहरा पनि निहालेर हेर्‍यो- गुप्तचरले सशङ्कित व्यक्तिलाई  झैँ  (पृ. ५७) ।

उसको घाँटीमा रहेको हरियो पोते उसको दिलमा रहेको लोग्नेको मायाझैँ झुन्डेको थियो (पृ. ७८) ।

लोग्नेका निम्ति स्वास्नी र स्वास्नीका निम्ति लोग्ने परस्परमा गाँउजस्ता गह्रौँ भएका थिए (पृ. ९३) ।

खराब कुराको लत बसेपछि बिफरको खतजस्तै बस्यो बस्यो (पृ. ९९) ।

ऊ एकछिन केही बोलेन - फाँसीको मुन्तिर उभिएको अपराधीजस्तो (पृ. १४४) ।

यसरी उपन्यासकारले कलात्मक भाषाको माध्यमबाट उपन्यासलाई परिपुष्ट पारेका छन् ।

## निष्कर्ष

*'इन्साफ'* उपन्यासभित्र विविध कथावस्तुहरू उनिएका छन् । मध्यम आकारको संरचना भएको प्रस्तुत कृतिमा सन्दर्भानुसार पात्रहरूको उपस्थिति रहेको छ । कथानकको प्रकृति सरल र रेखीय ढाँचाको रहेको छ । चरित्रहरूको स्थिति हेर्दा सामाजिक हिसाबले मध्यम, निम्न तथा उच्चमध्यम वर्गका व्यक्तिहरूको गतिशील भूमिका पाइन्छ । जम्मा ३३ खण्डमा विभक्त यस उपन्यासले २००७ सालको राजनीतिक परिवर्तनले ल्याएको सामाजिक अवस्था, काठमाडौँली मानिसले भोग्नुपरेका जीवन तथा कुलतमा फसेका मानिसको दीनता र परिश्रमी व्यक्तिहरूको सफलतालाई प्रक्षेपण गरेको छ । त्यस्तै सत्तामोह र राजनीतिक व्यक्तिहरूका जीवनशैली तथा परिवर्तनले समाजलाई कुनै सकारात्मक उपलब्धि दिन नसकेका व्यङ्ग्यात्मक अभिव्यक्ति उपन्यासमा प्रकटित छन् । प्रस्तुत उपन्यास भाषाशैलीपरक सौन्दर्य, उखानटुक्काको समीचीन प्रयोग र सादृश्यले आकर्षक बनेको छ भने यसमा प्रगतिशील विचार तथा लैङ्गिक सन्तुलनका केही छनकसमेत पाइन्छन् । राणाकालीन आडम्बरी जीवन, भोगविलास तथा कुलतका कारणबाट मानिसहरूको पारिवारिक दुर्घटना र समग्र जीवन नै विशृङ्खल बनेको सन्दर्भले सामाजिक राजनीतिक असमायोजन तथा मानिसले आफ्नो वास्तविकता नबुझी लहडका भरमा चलिरहँदा जीवनको सन्तुलन बिग्रिनसक्ने सङ्केत पनि ममास्पर्शी ढङ्गले प्रस्तुत गरिएको छ ।

उपन्यासकार भीमनिधि तिवारीले प्राचीन समयदेखि पुरुषले स्त्रीमाथि शासन गर्दै आएका र प्रजातन्त्र प्राप्ति पछि तथा चेतनाको विकासका कारणले स्त्रीहरू सशक्त एवम् चेतनशील बनेको कुरा औल्याएका छन् । त्यस्तै पुरुषहरूमा पनि स्त्रीलाई सहयात्रीको रूपमा स्वीकार गर्ने, उनीहरूलाई समान हैसियत प्रदान गर्नु पर्ने, उनीहरूका विचारहरूलाई सम्मान तथा स्वीकार गर्नुपर्ने आवश्यकता दर्साएका छन् । घर व्यवहार, आर्थिक उपार्जन, सामाजिक सहभागिता जस्ता पक्षमा स्त्रीलाई समान हैसियत तथा सम्मान आवश्यक रहेको कुरा प्रस्तुत गर्दै कानुन र अधिकार व्यवस्थामा स्त्रीलाई मात्र केन्द्रबिन्दु बनाउने र पुरुषलाई पूर्णतः उपेक्षा वा बेवास्ता गर्नु पनि नकारात्मक प्रवृत्ति हो भन्ने विचार प्रकट गरेका छन् । चाहे स्त्री होस् वा पुरुष दुबैलाई लैङ्गिक हिसाबले घर समाज तथा कानुनबाट सन्तुलित भूमिका उपलब्ध गराउँदा मात्र सही 'इन्साफ'हुने कुरा व्यक्त गर्दै लैङ्गिक सन्तुलन कायम गर्नुपर्ने चेतना र विचार यस उपन्यास मार्फत् प्रस्तुत गरिएको छ ।

उपन्यासमा २००७ साल कालीन राजनैतिक परिवर्तन, त्यो परिवर्तन पश्चात् उत्पन्न शासनसत्ता सञ्चालन परिपाटी, मन्त्री बन्ने र अर्थहीन समय व्यतित गर्ने तथा राष्ट्रको सम्पत्तिलाई समाप्त पार्ने कार्य अगाडि जस्तै निरन्तर चलिरहेको अवस्थाप्रति लक्षित गरेका छन् । सामाजिक सुधार र जनतामा प्रगति हुनुको साटो विभिन्न पार्टीका झन्डा बोकेर समय र श्रम खेर फाल्ने परिपाटी चलेको अवस्थाप्रति व्यङ्ग्य गरेका छन् । सीधा जनताहरू सत्ताका भऱ्याङ मात्र बनेको यथार्थता औंल्याएका छन् । यसरी तिवारीले उपन्यास मार्फत् राजनीतिक व्यङ्ग्य र चेतना प्रस्तुत गरी उपन्यासको विषयवस्तु सघन बनाउने प्रयत्न गरेका छन् ।

उपन्यासमा भाषिक विचलन तथा समानान्तरताको पर्याप्त उपयोग गरिएको छ । शब्दहरूमा कोशीय विचलन रहेको छ । यस्तो प्रयोगले भाषा स्वाभाविक र आकर्षक बनेको देखिन्छ । उपन्यासकार तिवारीले उपन्यासलाई सशक्त बनाउन यथेष्ट उखान टुक्काको प्रयोग गरेका छन् । तिवारीले भाषामा थप

आकर्षण र प्रभाव थप्नका लागि यथेष्ट आर्थी विचलनको प्रयोग गरेका छन् । अभिधार्थमा यस्तो प्रयोग अस्वाभाविक लागे पनि विचार तथा भाव प्रकटनमा उपन्यासको सौन्दर्य बढाउन आर्थी विचलनको अधिक उपयोग हुने गर्दछ । उपन्यासकारले *इन्साफ*मा बाह्य समानान्तरता (वर्ण, रूप, शब्द दोहोरिएर आउने स्थिति) र आन्तरिक समानान्तरताको सफल प्रयोग गरेका छन् । यस्तो प्रयोगले कवितात्मक प्रस्तुति र आलङ्कारिक सौन्दर्य थपेर रचनालाई प्रभावकारी बनाएको देखिन्छ ।

**सन्दर्भ सामग्रीहरू**

अधिकारी, गोपालप्रसाद शर्मा (२०५६), *भीमनिधि तिवारी र उनको कवित्वको विवेचना.* ललितपुर : साझा प्रकाशन ।

अधिकारी, हेमाङ्गराज (२०६२). *सामाजिक र प्रायोगिक भाषाविज्ञान* (तेस्रो संस्क.). काठमाडौं : रत्न पुस्तक भण्डार ।

अब्राहम्स, एम.एच.एन्ड जी.जी.हार्फम. (सन् २००५), *अ ग्लोसरी अफ लिटेररी टर्म्स.* आठौँ संस्क. थम्सन वर्डस वर्थ ।

अर्याल, भोजेन्द्र (२०६८), *लैङ्गिक र महिलावादी अध्ययन.* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन ।

अली, जोन जी. (सन् १९९६), *वेब्स्टर्स डिक्सनरी.* अमेरिका : ओटन्हेइमर पब्लिसर्स ।

आचार्य, बलराम. २०६१. लैङ्गिक अध्ययन. काठमाडौं : नेसनल बुक सेन्टर ।

उपाध्याय, केशवप्रसाद (२०५६), *नाटकको अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

उप्रेती, सञ्जीव, २०६९. सिद्धान्तका कुरा. काठमाडौं : अक्षर क्रियसन्स ।

एकर्ट, पी.एन्ड एस.एम. गिनेट. सन् २००३. ल्याङ्ग्वेज एन्ड जेन्डर. न्यूयोर्क : क्याम्ब्रिज युनिभर्सिटी प्रेस ।

कोनेल, आर.डब्लु. सन् १९८७. जेन्डर एन्ड पावर. लन्डन : पोलिटी प्रेस, ब्लाकवेल

खनाल, राजेन्द्र (२०६८). *शैलीवैज्ञानिक पठनमा दुई उपन्यास.* काठमाडौं : तन्नेरी प्रकाशन ।

खनाल, राजेन्द्र (२०७५). *लैङ्गिक समालोचना : सिद्धान्त र प्रयोग. काठमाडौँ :* सनलाइट पब्लिकेसन ।

खनाल, राजेन्द्र (२०७८). *प्रायोगिक भाषाविज्ञानका प्रमुख क्षेत्र* (दोस्रो संस्क.). काठमाडौं : सनलाइट पब्लिकेसन ।

गौतम, कृष्ण (२०५९). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दोस्रो संस्क.) काठमाडौं : साझा प्रकाशन ।

टाइसन, लुइस. सम्पा (सन् २००६), *क्रिटिकल थ्योरी टुडे.* लन्डन, न्युयोर्क : रट्लेज ।

तिवारी, भीमनिधि (२०६८), *इन्साफ.* पाँचौं संस्क. ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, बासुदेव (२०५८). *पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा* (पाँचौं संस्क.). काठमाडौं : साझा प्रकाशन ।

पिल्चर, जे. एन्ड आइ. ह्वेलहेन (सन् २००४). *फिफ्टी की कन्सेप्टस् इन जेन्डर स्टडिज.* लन्डन : सेज पब्लिकेसन्स ।

बराल, ईश्वर (२०५६). *छरिएका समीक्षा* (सम्पा. शरदचन्द्र शर्मा भट्टराई). काठमाडौँ : साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास*. तेस्रो संस्क. ललितपुर : साझा प्रकाशन ।

नेपाल, घनश्याम (सन् २००५). *आख्यानका कुरा* (दोस्रो संस्क.) काठमाडौँ : एकता बुक्स हाउस ।

नेपाल, घनश्याम (सन् २००९). *शैलीविज्ञान* (दोस्रो संस्क.) काठमाडौँ : एकता बुक्स हाउस ।

लिच, जियोफ्री एन्ड सर्ट मिचेल (सन् १९९५). काठमाडौँ : *स्टाइल इन फिक्सन*. लङ्म्यान ।

वेल्स, कटी (सन् २००१). *अ डिक्सनरी अफ स्टाइलिस्टिक्स*. पियर्सन एजुकेसन लिमिटेड ।

शर्मा, तारानाथ (२०५१), *नेपाली साहित्यको इतिहास*. काठमाडौँ : नवीन प्रकाशन ।

शर्मा, मोहनराज (सन् २०५५). *समकालीन समालोचना : सिद्धान्त र प्रयोग*. नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, मोहनराज (सन् २०५९). *शैलीविज्ञान* (दोस्रो संस्क.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

श्रेष्ठ, दयाराम (२०७८). *गद्यशैलीको रूपविज्ञान*. शिखा बुक्स ।